बिष्णुपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बिष्णुपुर, सप्तरी
२ नं. प्रदेश, नेपाल

पत्र संख्या : ०७७/०७८
चलानी नं. ६४

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७७ -०४-२३)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स.२०७७।०७८ च.नं.२३ को मिति २०७७-०४-१२ को पत्रानुसार यस विष्णुपुर गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न वमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०७७।०७८-०१ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-
   - (क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको
   - (ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-
     - कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
     - पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।
   - (ग) उमेर :- कम्तीमा १८ बर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. दरखास्त दिने स्थान :-विष्णुपुर गाउँपालिकाको कार्यालय

३. दरखास्त दिने अन्मि मिति : २०७७।०५।०५

४. आवेदनको दस्तुर :- रु.१०००।-

५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा (लिखित परीक्षाको मिति प्रारम्भिक योग्यताक्रमको सूची सँगै प्रकाशन गरिनेछ ।

६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   - नागरिकता
   - न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
   - अनुभव खुल्ने कागजात
   - २ प्रति पासपोर्ट आकारको फोटो

(७) सेवा सुविधा :- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

(८) पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

नोट :- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

(रामलखन मेहता)
नि.प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख
प्रशासकीय अधिकृत